रघुगंगा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मौवाफाँट, म्याग्दी

२०७३

गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः- २०७८/७९

च.नं.:-

मितिः२०७९/०३/१६

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गराउने सम्बन्धी अत्यन्त जरुरी सूचना!**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा (पहिलो संशोधन) नियमावली, २०७७ को नियम ९ तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधी, २०७७ को दफा ४ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आ. व ०७९/०८० मा पनि नियमित सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न श्रावान १ देखि भाद्र मसान्तभित्र परिचयपत्र नवीकरण गराउनुहुनको लागि यो सूचना प्रकाशित गरिएको छ। बालबालिका, पूर्ण अपाङ्ग(क) वर्गका र ९० वर्षमाथि वृद्ध अवस्थाका नागरिक वा आँफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजका आमाबुबा/संरक्षक उपस्थित भई नवीकरण गराउन सकिनेछ।

**आवश्यक कागजातहरुः-**

- नागरिकता प्रमाणपत्रको प्रतिलिपी
- पासपोर्ट साइटको २ प्रति फोटो
- सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीको बैङ्क खाता नं.
- बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी, संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी
- अपाङ्गता भएका व्यक्तिको हकमा गाउँपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपी, पूर्ण अपाङ्ग (क) वर्गको हकमा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी
- विधवा महिलाको हकमा पतिको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपी र वडा कार्यालयको अर्को विवाह नगरेको सिफारिस
- एकल महिला, सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेकी ६० वर्ष माथिको महिलाको हकमा सम्बन्धविच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपी र अर्को विवाह नगरेको वडा कार्यालयको सिफारिस

**नोटः-**

- तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन ।

बोधार्थ :-

श्री वडा कार्यालय सबै, रघुगंगा गाउँपालिका, म्याग्दी ।

अमृत सुबेदी
प्रमुख प्रशासकीय अधिकृत

"व्यावसायिक र सिर्जनशिल प्रशासनः विकास, समृद्धि र सुशासन"

वेवसाइटः raghugangamun.gov.np
इमेलः raghugangagapa@gmail.com